# मिक्लाजुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ
१ नं. प्रदेश, नेपाल

नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आह्वानको ३०(तिस) दिने सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।०५।१५ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) बमोजिम मिक्लाजुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मधुमल्ला, मोरङको क्षेत्राधिकार भित्र पर्ने ठूलो बक्राहा, सानो बक्राहा, साखरे, सोल्टी, सफेवा, मिक्लु, आँपे, मुगु, मगर र तेली खोलाबाट स्वीकृत घाट र नाकाहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी मिक्लाजुङ गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र, आ.व.२०७६।०७७ को करचुक्ता प्रमाण-पत्र संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| सि. नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ.मि.) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | 4/MRMM/GOODS/INCOME TENDER/078/79 | ठूलो बक्राहा, सानो बक्राहा, साखरे, सोल्टी, सफेवा, मिक्लु, आँपे, मुगु, मगर र तेली खोलाहरुबाट नदीजन्य पदार्थको विक्री कर संकलन | ३,६७,२९० | ७,७८,२५,०७८।१ | कबोल अंकको (मु.अ. कर सहित) ५ प्रतिशत | रु.५,०००।- |

**शर्तहरु :**

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाण-पत्र, आ.व.२०७६।०७७ को करचुक्ता प्रमाण-पत्र, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा यस कार्यालयको एन एम बी बैंक शाखा कार्यालय, मधुमल्ला, मोरङ स्थित रहेको खाता नं.०६१००५८२१३०००१३ मा नगद जम्मा गरेको नगद भौचर यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखा वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफूले कबोल गरेको अंकको (मु.अ.कर सहित) ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको एन एम बी बैंक मधुमल्ला, मोरङ स्थित धरौटी खाता नं.०६१००५८२१३००००६१ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १५० (एक सय पचास) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ।

- खरिद गरेको बोलपत्र फाराममहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र विद्युतीय प्रति दर्ता गर्नुपर्नेछ ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न सम्बन्धित कार्यालयहरुका प्रतिनिधि, निमार्ण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाताले वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै अर्को कार्यालय खुलेको दिनमा गरिनेछ ।
- प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २१ औं दिन दिनको २:०० बजे मिक्लाजुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हाँसिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मू.अ.कर दर्ता प्रमाण-पत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ६० प्रतिशतले हुने रकम अनिवार्य रुपले बुझाउनु पर्नेछ । त्यसपछि दोश्रो किस्ताको रकम चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ । यसरी किस्ता बन्दिमा रकम बुझाउँदा ठेकेदारले ठेक्का कबोल गरेको अंकमा दोश्रो किस्ताको रकम बराबरको जमानत बापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०७८ श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी(परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै सम्झौताका बखत सम्वन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मु.अ. करको ९.१ प्रतिशत बराबरको रकम आन्तरिक राजश्व कार्यालयमा र ३.९ प्रतिशतको रकम मिक्लाजुङ गाउँपालिकामा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
- ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाई तोकिएको समय भित्र सम्झौता गर्न आएमा स्वीकृत अंकमा १० प्रतिशत रकम छुट गर्न सकिने छ ।
- किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ । म्यादभित्र नबुझाएमा मिक्लाजुङ गाउँपालिकालाई ०.०१ प्रतिशत प्रति दिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसाबले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।
- यस कार्यालयसँग गत विगतमा भएको कारोवारमा यस कार्यालयको म.ले.प. प्रतिवेदनमा वेरुजु भएमा वा कुनै किसिमको संघ, प्रदेश तथा स्थानीय सरकारसँग बाँकी वक्यौता भएको भए सम्झौता गर्नु पूर्व फछ्र्यौट गर्नुपर्नेछ, अन्यथा सम्झौता गर्न कार्यालय बाध्य हुने छैन ।
- ठेक्का सम्झौता भईसके पछि बन्द, हड्ताल वा कुनै कारण देखाई ठेक्का बापत बुझाउनु पर्ने किस्ता रकममा कुनै प्रकारको छुट र मिनाहा माफी दिइने छैन् ।
- यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध समेत गर्न सकिनेछ ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

- बोलपत्रदाता तथा गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता पाईएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।
- बालुवा, ढुङ्गा, गिट्टी र ग्राभेलको बिक्रीकर तथा प्राकृतिक धार किनारा, घाट, कुलो कुलेशा,पुल पुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको परिधी भित्र रहेर मात्र बालुवा, ढुङ्गा, गिट्टी र ग्राभेल संकलन गर्न पाइने छ ।
- वन क्षेत्रबाट बालुवा, ढुङ्गा, गिट्टी, रोडा र ग्राभेल उत्खनन गरी बिक्री गर्न पाईने छैन ।
- IEE प्रतिवेदनले तोकेको स्थान/नाकाबाट तोकेको परिमाणमा मात्र सङ्कलन गर्न पाईनेछ । यसरी सङ्कलन गरेको परिमाणको लगत प्रत्येक १५/१५ दिनमा मिक्लाजुङ गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ । सङ्कलन गरिसकेको नदीजन्य सामाग्रीलाई घाटगद्धी गरेर मात्र बिक्री वितरण गर्नुपर्नेछ । यसरी सङ्कलन तथा घाटगद्धी गर्दाको लागत स्वयं ठेकेदारले व्यहोर्नु पर्नेछ । तोकिएको परिमाण भन्दा घटी परिमाणमा निर्माण सामाग्री सङ्कलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन ।
- ठेक्का अवधिका सम्वन्धमा उत्खनन, सङ्कलन तथा विक्री ठेक्का सम्झौता भएको मिति देखि २०७९ जेष्ठ मसान्त सम्मको हुनेछ । सो मिति अगावै सम्झौता भएको परिमाण पुरा भएमा सङ्कलन तथा बिक्रि कार्य बन्द गरिने छ ।
- विभिन्न नदी/खोलाहरुबाट निकालिने निर्माण सामग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ । तोकिए बमोजिम पुल पलेसा, संरक्षण क्षेत्र आदिको U/S मा ५०० मिटर र D/S मा ५०० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागबाट मात्र सङ्कलन गर्नुपर्नेछ । साथै महत्वपूर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा निर्माण सामग्री मात्र ओसार पसार गर्नुपर्नेछ। विभिन्न खोलाबाट निकालिने निर्माण सामग्री विक्री मुल्य करको ठेक्का लिए पश्चात निर्माण सामग्री उठाउन रोक लागे/लगाएमा ठेकेदार स्वयं आफैले मिलाई कर संकलन गर्नुपर्नेछ । कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारण कुनै पनि छुट मिनाहा दावी गर्न नपाईने र सो छुट मिनाहा दिन कार्यालय बाध्य हुने छैन । निर्माण सामाग्री निकाल्दा विभिन्न खोलामा स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र नाकाभित्र मात्र सिमित रही निर्माण सामाग्री निकाल्नु पर्नेछ । सो तोकिएको परिमाण तथा नाकाभन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाईने छैन । साथै निर्माण सामाग्री उत्खनन गर्ने समय बिहान सूर्योदयदेखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ । साथै निर्माण सामाग्री ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्वन्धित ठेकेदारले गर्नुपर्नेछ । यस किसिमका उजुरीहरु स्थानीय स्तरबाट आउन नदिने गरी सम्बन्धित ठेकेदारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ र सो वापतको खर्च दावी गर्न पाईने छैन ।
- ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website : http://miklajungmunmorang.gov.np मा समेत हेर्न सकिनेछ)

# मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ
१ नं. प्रदेश, नेपाल

बोलपत्र फारम दस्तुर रु. रु. ५,०००।-

# बोलपत्र फारम

न्युनतम कबोल अंक रु. : ७७८२५०७८.१० (मुल्य अभिवृद्धि कर बाहेक)
उठाउन पाउने परिमाण : ३६७२९० घ.मि.
ठेक्काको अवधि : चलन पुर्जि पाएको मितिको भोलिपल्ट देखि जेष्ठ मसान्त सम्मको लागि ।

१) ठेक्काको नाम : ठूलो बक्राहा, सानो बक्राहा, साखरे, सोल्टी, सफेवा, मिक्लु, आँपे, मुगु, मगर र तेली खोलाहरुबाट नदीजन्य पदार्थको बिक्री कर संकलन ।
२) ठेक्का नम्वर : 4/MRMM/GOODS/INCOME TENDER/078/79
३) किसिम : ढुंगा, गिट्टी, ग्राभेल र बालुवाको बिकी कर उठाउने सम्वन्धी ।
४) कबोल रकम मु.अ.कर बाहेक (अंकमा) :
५) कबोल रकम मु.अ.कर बाहेक (अक्षरमा) :

६) राखिएको धरौटी रकम :

क) रकम रु.......................................................... को बैंक भौचर नं. ................................

ख)

७) कैफियत :
८) संलग्न कागजातहरु :

क) नवीकरण दर्ता प्रमाण पत्र
ख) मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र
ग) कर चुक्ता गरेको प्रमाण पत्र

**फर्मको छाप**

ठेकेदारको सही :
नाम, थर :
स्थायी ठेगाना :
पत्राचार गर्ने ठेगाना :
मोवाइल नं. :
इमेल :

**नोट : (न्यूनतम कबोल अंक भन्दा घटीमा पेश भएको बोलपत्र) मान्य हुने छैन ।**